# अल्लो संकलन तथा प्रशोधन उद्योग सञ्चालका लागि सम्भाव्यता अध्ययन प्रतिवेदन, २०८३



**२०८३ बैशाख ६ गते देखि १७ गते सम्म**

**जोरायल गाउँपालिका, डोटी**

**समविकास केन्द्र (इडीसी) नेपाल, डोटी**

**Email: edcnepal2053@gmail.com**

**Website: www.edcdoti.org.np**

प्रतिवेदन तयार गर्ने:

महेश त्रिखत्री
कार्यकारी निर्देशक
समविकास केन्द्र (इडीसी) नेपाल, डोटी
maheshedc@gmail.com

**विषय सूची (Table of Contents)** **पेज नं.**


१) सामान्य जानकारी ............................................................................................ ३

२) कार्यकारी सारांश ..............................................................................................४ – ५

२) परिचय (अध्ययनको पृष्ठभूमि र आवश्यकता) .........................................................५ – ६

३) अध्ययनको उद्देश्य ...........................................................................................६ – ७

४) अध्ययन विधि तथा प्रक्रिया ..................................................................................७

- अध्ययन विधि तथा प्रकृया
- अध्ययन अवधि, स्थान र सहभागिहरूको विवरण

५) अध्ययन क्षेत्रको परिचय ......................................................................................८ – ९

६) FGD तथा KII बाट प्राप्त मुख्य निष्कर्षहरू ..........................................................९ – १४

- अल्लको उपलब्धता
- संकलन तथा प्रशोधनको अवस्था
- समुदायको धारणा
- आयआर्जनको सम्भावना

७) अल्लो स्रोत, उत्पादन तथा सम्भाव्यता विश्लेषण.......................................................१४ – १६

- सम्भावित उत्पादन
- प्रशोधन, उद्रयोग स्थापनाको सम्भावना

८) सामाजिक तथा वातावरणीय प्रभाव ........................................................................१६ – १७

९) जोखिम विश्लेषण, न्यूनिकरण र अवसर..... ...............................................................१७ – १८

१०) संस्थागत तथा नीतिगत पक्ष.....................................................................................१८ – २०

- पालिकाको नीति
- अनुदान तथा सहुलियत
- सामुदायिक वन उ.स.को भूमिका
- साझेदार संस्थाको भूमिका
- इडीसी र पालिकाको साझेदारी सम्भावना

११) निष्कर्ष .........................................................................................................२१

१२) सिफारिसहरू (पालिका, इडीसी र एक्शनएड, सा.वन. उ.स. र समुदाय)...............................२१ – २२

१३) अनुसूचीहरू (FGD / KII को फर्मेट, छनोट सहभागिको नाम, र फोटोहरू)...................... २३ – २८

**सामान्य जानकारीः**

| | |
|---|---|
| क) कार्यक्रमको नाम: | स्थानिय अधिकार कार्यक्रम, जोरायल, डोटी |
| ख) प्रतिवेदन शीर्षकः | "जोरायल गाउँपालिकामा अल्लो संकलन, प्रशोधन उद्योग संचालनका लागि सम्भाव्यता अध्ययन प्रतिवेदन" |
| ग) अध्ययन क्षेत्र: | जोरायल गाउँपालिका, वडा नं. १ (तुषे पुराण र सानीखैगाड, वडा नं. २ (पतडा झरना), वडा नं. ३ (गडाखर्क, अल्याडी र कनेडी) वडा नं. ४ (सिराड र ठुली खैगाड) क्षेत्र। |
| घ) जिल्ला: | डोटी |
| ङ) कार्यान्वयन संस्था: | समविकास केन्द्र (इडीसी) नेपाल, डोटी |
| च) सहयोगी निकाय: | जोरायल गाउँपालिका र एक्शनएड नेपाल |
| छ) अध्ययन मितीः | २०८३ बैशाख ६ गते देखि १७ गते सम्म (अप्रिल १९ देखि ३०, २०२६) |
| ज) अध्ययनमा सहभागिः | महेश त्रिखत्री, नरेन्द्र वि.क., विज्ञान देवल, यशोदा मल्ल र रमेश नेपाली |
| झ) प्रतिवेदन मिति: | २०८३ जेष्ठ २० गते |
| ञ) प्रतिवेदन तयार गर्नेः | महेश त्रिखत्री |
| ट) प्रतिवेदन प्राप्त गर्ने निकायः | इडीसी नेपाल, एक्शनएड नेपाल र जोरायल गाँउपालिका, डोटी |

## १. कार्यकारी सारांश (Executive Summary)

जोरायल गाउँपालिकामा एक्शनएड नेपालको साझेदारीमा समविकास केन्द्र (इडीसी) नेपालले संचालन गरिरहेको स्थानिय अधिकार कार्यक्रम अन्तरगत जोरायल गाउँपालिकाका क्षेत्रहरूमा उपलब्ध अल्लो स्रोतको दिगो उपयोग गर्दै अल्लो संकलन, प्रशोधन तथा उद्योग सञ्चालनका लागि सम्भाव्यता अध्ययन गर्नु यो अध्ययनको मुख्य उद्देश्य हो।

अध्ययन अवलोकनको प्रारम्भमा जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गा ओझा, उपाध्यक्ष श्री जमुना बोहरा, प्रमुख प्रशासकिय अधिकृत, वडा अध्यक्षहरू लगायतका ब्यक्तिहरूसंग भएको समन्वय बैठक पश्चात जोरायल गाउँपालिकामा अल्लोको अवस्था, संकलन र प्रशोधन प्रकृया र उद्योग संचालनका विषयमा भएको छलफलका आधारमा गाउँपालिकाले सिफारिस गरेका क्षेत्रहरूमा अध्ययन र अवलोकन गर्दा प्रशस्त मात्रामा अल्लो उपलब्ध रहेको, स्थानीय समुदाय विशेषगरी जनजाती, महिला, दलित तथा विपन्न समुदायका ब्यक्तिहरूको सहभागितामा आयआर्जन तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने सम्भावना देखिएको छ।

विगतका वर्षहरूमा जनजाती समुदायका महिला, पुरूषहरूले (खासगरि महिला) आयआर्जनका लागि अल्लो संकलन गर्ने, लोक्ता निकाल्ने र सिजनमा ठेकेदारहरूलाइ विक्री गर्ने गरेका भएतापनि उचित मुल्य नपाएका कारण र ठेकेदारको अनियमितताका कारण उनिहरूले अल्लो संकलन कार्यलाइ छोडी ति समुदायहरूले अन्य आयआर्जनका उपायहरू अपनाइ रहेको अवस्थामा ति समुदायहरू जो पहिले देखि नै अल्लो संकलन कार्यमा संलग्न छन उनिहरूमा पुनः अल्लो संकलन गरि लोक्ता निकाली विक्री वितरण गर्न चाँसो, उत्सुकता बढेको पाइएको छ।

अध्ययन तथा अल्लो उत्पादन हुने स्थानहरूको अवलोकन गर्दैगर्दा जोरायल गाउँपालिकामा अल्लो संकलन, प्रशोधन र उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, श्रमशक्तिको सम्भावना सकारात्मक देखिए पनि वजार ब्यबस्थापन पक्षमा स्थानिय सरकार, सरोकारवालहरूको भूमिका बढनु पर्ने देखिन्छ।

जोरायल गाउँपालिकामा अल्लो संकलन, प्रशोधन र उद्योग संचालनका लागि गाउँपालिकाको एक देखि चार नम्वर वडाहरूका विभिन्न ९ स्थानहरूमा अल्लो संकलन केन्द्र (समुह) निर्माण गरि ति केन्द्र वा समुहलाइ प्रतिनिधित्व गर्न जम्मा ९ जना महिला र १ जना पुरूष गरि जम्मा १० जना महिला पुरूषहरूलाइ दाङमा रहेको अल्लो उद्योगको अवलोकन गराउने, तालिमको ब्यबस्थापनमा गाउँपालिकाले सहकार्य गर्ने र जोरायल गाँउपालिकाले आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रममा वजेट ब्यबस्थापन गर्ने छलफल भएपश्चात अल्लोको सम्भाब्यता अध्ययनका लागि ९ वटा स्थानहरू सिफारिस गरिए बमोजिम यो अध्ययनको कार्य शुरू गरिएको हो।

यसै सन्दर्भमा जोरायल गाउँपालिकाले सिफारिस गरेको वडा नं. १ को तुषे पुराण, सानी खैगाड, वडा नं. २ को पताडा झरना, वडा नं. ३ को गडाखर्क, अल्याडी र कनेडी, वडा नं ४ को सिराड, ठुली खैगाड क्षेत्रमा अध्ययन, अवलोकन र छलफल गर्दा प्राकृतिक रूपमा उत्पादन हुने अल्लो संकलन गर्दा ति क्षेत्रबाट वार्षिक १८ हजार क्वीन्टल देखि २० हजार ५ सय क्वीन्टल अर्थात औषतमा १९,२५० क्वीन्टल, (१९ टन २५० क्वीन्टल) अल्लो संकलन गर्न सकिने र बाँझो जमिनमा अल्लो उत्पादन गर्दा अझै यसको भोलुम बढन सक्ने प्रचुर सम्भावना देखिएको छ, । जसलाइ स्थानीय समुदायको मुख्य आयआर्जनको स्रोत बनाउन सकिने सभ्मावना रहन्छ। ८ वटा स्थानहरूमा सम्पन्न गरिएको लक्षित समुह छलफलको क्रममा सहभागिहरूले आ-आफ्नो समुहको नेतृत्व गरि तालिम तथा अवलोकनमा सहभागि हुन ८ जना महिला र १ जना पुरूषको छनोट गरेका छन जसले अल्लो

उद्योगको अध्ययन अवलोकनका साथै तालिम प्राप्त गरि समुहका अन्य सदस्यहरूलाइ अल्लो संकलन, प्रशोधनका ज्ञान सिप र अनुभव आदानप्रदान गर्नेछन। छनोट भएका सहभागिहरूको नाम अनुसूचिमा रहेको छ। स्थानिय सरकारको सकारात्मक चाँसो, उत्सुकता र वजेट ब्यबस्थापनको क्षेत्रमा सहकार्यको प्रतिवद्दता देखिएकोले जोरायल गाउँपालिकामा अल्लो उद्योग स्थापना हुन सक्ने र उक्त उद्योग स्थापना र दिगो संचालनमा स्थानिय सरकारको सहकार्य, अपन्वत्व हुन सक्ने भएकोले यसले स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना गर्नको साथसाथै परम्परागत सीपको संरक्षण, वनजन्य स्रोतको दिगो उपयोग तथा लक्षित समुदायको आर्थिक सशक्तीकरणमा ठुलो योगदान पुग्ने अपेक्षा गरिएको छ।

## २. परिचय (Introduction)

### २.१ पृष्ठभूमि

अल्लो नेपालको पहाडी तथा हिमाली क्षेत्रमा पाइने महत्वपूर्ण प्राकृतिक रेशा (Natural Fiber) जन्य वनस्पती हो। सुदुरपश्चिम प्रदेशका पहाडी जिल्लाहरू मध्ये डोटी जिल्लामा रहेको जोरायल गाउँपालिकाका विभिन्न वनक्षेत्र र खोलानालाहरूमा प्राकृतिक रूपमा प्रशस्त अल्लो उत्पादन हुने भएकोले त्यहाँ बसोवास गर्ने खास गरि जनजाती समुदायले परम्परागत रूपमा अल्लोबाट धागो, कपडा, झोला तथा विभिन्न हस्तकलाका सामग्रीहरू उत्पादन गर्दै आएको भएतापनि उचित मुल्य र वजारको अभावका कारण त्यो पेशा विस्तारै लोप हुदै गएको पाइन्छ।

तर पछिल्लो समय वातावरणमैत्री तथा प्राकृतिक उत्पादनको माग वृद्धि भएसँगै अल्लोजन्य उत्पादनको व्यावसायिक सम्भावना पनि बढ्दै गएको परिवेशमा डोटी जिल्लाको जोरायल गाउँपालिकाका विभिन्न क्षेत्रमा उत्पादन हुने अल्लोलाइ संकलन, प्रशोधन र गाउँपालिकाको सहकार्यमा जोरायल गाउपालिकाको बुडँर वजारमा अल्लो उद्योग संचालन गरि त्यहाँ बसोवास गर्ने दलित, जनजाती तथा विपन्न समुदायका महिलाहरूलाइ आयआर्जनको मुख्य स्रोत बनाउन अल्लो संकलन, प्रशोधन र उद्योग संचालनले ठुलो महत्व राख्दछ।

जोरयाल गाउँपालिकाको सदरमुकाम देखि करिव ७ देखि ९ किलोमिटर टाढाका बस्तीहरूमा बसोवास गर्ने जनजाती, दलित तथा सीमान्तकृत समुदायको प्रत्यक्ष सम्बन्ध रहदै आएको अल्लो वजारीकरण र उचित मूल्य नभएका कारण वार्षिक रूपमा उत्पादन हुने अल्लो खेर गइरहेको पाइन्छ। विगतमा उनिहरूले परम्परागत सिप र शैलीमा खोलामै गएर अल्लो संकलन र प्रशोधन गरि लोक्ताहरू ठेकेदारहरूलाइ विक्री वितरण गर्दै अएका भएतापनि पछिल्लो समयमा ठेकेदारहरूबाट सिजनमा अल्लोको उचित मुल्य नपाउदा उनिहरूले आयआर्जनका अन्य विकल्पहरू रोजी अल्लो संकलनको कार्यलाइ छोडेका थिए। तर आफनै गाउँपालिकामा अल्लो उद्योग स्थापना भए, गाउँपालिकाले उचित मुल्य निर्धारण र वजारको ब्यबस्था गरिदिए, आधुनिक ज्ञान, सिप र प्रविधिको ब्यबस्था गरिदिएमा पुनः अल्लो संकलनको कार्यलाइ अगाढी बढाउने र सामुदायिक वन उपभोक्ता समिती मार्फत उद्योगमा पठाउने कार्यमा लक्षित समुदायको चाँसो बढेकोले पालिकाको सहकार्यमा अल्लो संकलन, प्रशोधन तथा उद्योग सञ्चालन गर्न सान्दर्भिक देखिन्छ।

### २.२ अध्ययनको आवश्यकता

जोरायल गाउँपालिकाका विभिन्न क्षेत्रमा प्राकृतिक रूपमा पाइने अल्लो स्थानीय समुदायका लागि महत्वपूर्ण वनजन्य स्रोतको रूपमा रहेको भए तापनि यसको व्यवस्थित संरक्षण, दिगो संकलन, प्रशोधन तथा व्यवसायिक

उपयोग हुन सकेको अवस्था छैन । अल्लोको प्रचुर सम्भावना रहेको जोरायलमा गाउँपालिकाले विगत वर्षहरूमा अल्लो प्रशोधनका साथै अल्लो उद्योग संचालनका निमित्त चाँसो बढाएको भएतापनि यसले निरन्तरता पाउन सकेन ।

परम्परागत रूपमा सीमित प्रयोग (डोरी, बोरा, झोला आदी ) हुँदै आएको अल्लोलाई आयआर्जन, रोजगारी सिर्जना तथा स्थानीय उद्यम विकाससँग जोड्ने पर्याप्त सम्भावना भए पनि आवश्यक सीप, प्रविधि, लगानी, बजार पहुँच तथा संस्थागत सहयोगको अभावका कारण यसको पूर्ण उपयोग हुन सकेको पाइन्छ ।

विशेष गरी महिला, जनजाती, दलित तथा सीमान्तकृत समुदायका धेरै परिवारहरू सीमित आयस्रोतमा निर्भर रहेका छन् । वैदेशिक रोजगार तथा मौसमी मजदुरीमा निर्भरता बढिरहेको अवस्थामा स्थानीय स्रोतमा आधारित उद्यम विकास मार्फत गरिवीमा वाँचिरहेका ति समुदायलाइ आर्थिक रूपमा आत्मनिर्भर बनाउन आवश्यक देखिन्छ । अल्लो जस्तो प्राकृतिक, स्थानीय तथा वातावरणमैत्री स्रोतलाई व्यवसायिक रूपमा प्रवर्द्धन गर्न सकेमा समुदायको जीविकोपार्जनमा सुधार, घरेलु तथा साना उद्योग विकास, स्थानीय रोजगारी सिर्जना तथा आर्थिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुग्न सक्छ ।

जोरायल गाउँपालिकाले अल्लो उद्योग संचालन गरि रोजगारका अवसरहरू सिर्जना गर्ने सोंच बनाइ रहेको भएतापनि हालसम्म त्यस क्षेत्रमा अल्लोको उपलब्धता, उत्पादन क्षमता, संकलन प्रक्रिया, प्रशोधन सम्भावना, बजार अवस्था तथा उद्योग सञ्चालनका लागि कुनैपनि आवश्यक पूर्वाधार सम्बन्धी विस्तृत अध्ययन गरेको पाइँदैन । साथै, अल्लो प्रवर्द्धनमा स्थानीय सरकार, समुदाय तथा संघसंस्थाको सम्भावित भूमिका र सहकार्यका क्षेत्रहरू पनि स्पष्ट रूपमा पहिचान हुन नसकिरहेको अवस्थामा जोरायलमा अल्लो संकलन, प्रशोधन र उद्योग संचालन गर्नका लागि एक्शनएड नेपालको साझेदारीमा इडीसी नेपालले संचालन गर्दै आएको स्थानिय अधिकार कार्यक्रम अन्तरगत विभिन्न समयमा संस्था र पालिका विचको भएको समन्वय बैठक, छलफल, एक्शनएड नेपाल र पालिका विच भएको भेटघाट, छलफल पश्चात त्रिपक्षिय समझदारी र सहकार्यमा यो सम्भाव्यता अध्ययन गरिएको हो ।

यस अध्ययनले अल्लो स्रोतको दिगो उपयोग गर्दै अल्लो संकलन, प्रशोधन तथा उद्योग सञ्चालनको सम्भाव्यता पहिचान गरी स्थानीय स्तरमा आयआर्जन, उद्यमशीलता विकास तथा सामाजिक–आर्थिक सशक्तीकरणका लागि आवश्यक आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

## ३. अध्ययनको उद्देश्य (Objectives)

### क) मुख्य उद्देश्यः

जोरायल क्षेत्रमा उपलब्ध अल्लो स्रोतको दिगो उपयोग गर्दै अल्लो संकलन, प्रशोधन तथा उद्योग सञ्चालनको सम्भाव्यता अध्ययन गर्नु ।

### ख) विशिष्ट उद्देश्यहरू

- अल्लोको उपलब्धता पहिचान गर्नु
- सम्भावित उत्पादन तथा बजार अध्ययन गर्नु
- समुदायको रुचि तथा क्षमता विश्लेषण गर्नु

- महिला तथा दलितको सहभागिताको सम्भावना अध्ययन गर्नु
- संस्थागत तथा आर्थिक पक्ष पहिचान गर्नु

## ४. अध्ययन विधि तथा प्रक्रिया (Methodology)

### ४.१ अध्ययन विधि

- लक्षित समुह छलफल (Focus Group Discussion) (FGD)
- मुख्य सरोकारवालासंगको अन्तवार्ता (Key Informant Interview) (KII)
- अवलोकन (Observation)

### ४.२ अध्ययन अवधि, स्थान र सहभागीहरूको विवरणः

क) लक्षित समुह छलफलमा सहभागिहरूको संख्याः

| वडा नं. | गाउँ, टोल | अध्ययन मिती | सहभागि संख्या | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | दलित | जनजाती | यूवा |
| ३ | गडाखर्क | २०८३/१/२३ | ५ | ४ | ० | ३ | ७ |
| | कनेडी | २०८३/१/२४ | ७ | ४ | ० | ११ | ११ |
| | अल्याडी | २०८३/१/२३ | २ | ५ | ० | ५ | ५ |
| ४ | सिराड | २०८३/१/२४ | १२ | ० | ० | ९ | १२ |
| | ठुली खैगाड | २०८३/१/२५ | २० | ३ | ० | २० | २३ |
| २ | पतडा, झरना | २०८३/१/२६ | २५ | २ | १९ | १ | २७ |
| १ | सानी खैगाड | २०८३/१/२५ | १६ | ३ | ६ | १३ | १९ |
| | तुषे पुराण | २०८३/१/२६ | २० | ० | ७ | ० | २० |
| जम्मा सहभागि संख्या | | | १०७ | २१ | ३७ | ६१ | १२४ |

ख) मुख्य सरोकारवालासंगको अन्तरवार्तामा संलग्न सहभागिहरूः ६ जना

- गाउँपालिका उपाध्यक्ष
- प्रमुख प्रशासकिय अधिकृत
- वडा अध्यक्ष वडा नं. ३
- वडा अध्यक्ष वडा नं. ४
- जनसमुदायिक वन उ.स. अध्यक्ष (मनोज ओली)
- शिक्षक तथा खैगाड सामुदायिक वन उ. समिती सदस्य (कर्ण सिं महता)

## ५. अध्ययन क्षेत्रको परिचय

- **भौगोलिक अवस्थाः** जोरायल गाउँपालिका सुदूरपश्चिम प्रदेशको डोटी जिल्लामा अवस्थित रहेको छ। भौगोलिक हिसावले करिब ४१९.०९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको जोरायल गाउँपालिकाको पूर्वमा बडीकेदार गाउँपालिका, पश्चिममा डडेल्धुरा जिल्ला, उत्तरमा शिखर नगरपालिका तथा दक्षिणमा कैलाली जिल्ला पर्दछन्। राज्य पुनःसंरचना पश्चात् साविकका घण्टेश्वर, छतिवन, लक्ष्मीनगर, सरस्वतीनगर, गडसेरा र निरौली गाविसहरूलाई समेटी जोरायल गाउँपालिका गठन गरिएको हो। हाल यस गाउँपालिकामा ६ वटा वडाहरू रहेका छन। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउपालिकाको कुल जनसंख्या करिब ३९,५७६ रहेको छ, जसमा १९,४३६ (४९%) पुरुष र २०,१४० (५०.८८%) महिला रहेका छन्। गाउँपालिकामा कुल ४,३२० घरधुरी रहेका छन् भने औसत परिवारको आकार ५.३३ रहेको छ। जनसंख्याको हिसाबले वडा नं. ४ सबैभन्दा ठूलो वडा हो भने, वडा नं. ५ सबैभन्दा कम जनसंख्या भएको वडा हो।
- **सडक पहुँचः** जोरायल गाउँपालिकाका अधिकांश सडकहरू ग्राभेल छन् भने भित्री सडकहरू अर्थात पालिका देखि वडा र वडा देखि वस्तीहरू सम्म जाने सडकहरू कच्ची अवस्थामै रहेका छन्। सबै वडामा सडक पहुँच पुगेको भएता पनि केहि वडाका बस्तीहरूमा सडक पुग्न नसकेको अवस्था र वर्षायाममा कच्ची सडकहरूको अवस्था कमजोर हुने भएका कारणा आवत जावतमा निकै कठिनाइ हुने गर्दछ।
- **पानी तथा बिजुली अवस्थाः** जोरायल गाउँपालिकाका प्राय सबै वडाहरूमा बिजुली वत्तिको सुविधा पुगेको छ। तर पहाडको फेदमा रहेका र वडा देखि दुर्गम स्थानमा रहेका वस्तीहरू र आर्थिक अभाव भएका घरधुरीमा विजुली पुग्न सकेको छैन। त्यहाँ बसोवास गर्ने घरधुरीहरूले अहिले पनि उज्यालोको लागि झोरो (सल्लाको काठ) बाल्ने गर्दछन।
- **वन तथा प्राकृतिक स्रोतः** अल्लो क्षेत्रको सभ्माब्यता अध्ययनका लागि गाउँपालिकाले सिफारिस गरेका क्षेत्रहरू प्रायः वन जंगलको छेउछाउ, खोला किनार र चिस्यान भएका बाँझो जमिनमा रहेको वस्तीहरू पाइयो जहाँ अधिकांश जनजाती समुदायहरू बस्दा रहेछन। अग्ला अग्ला डाँडा र जंगलको फेदमा रहेका ति वस्तीका समुदायहरूले वन जंगलको संरक्षण र उपयोग गर्दै चिस्यानको कारण सिजनमा मकैखेती, फलफुल, साग तरकारी र उत्पादन, खोटो संकलन गर्ने, भाद्र महिना कार्तिक महिना सम्म अल्लो संकलन गरि ठेकेदारलाइ विक्री गर्ने र बाँकी महिनाहरूमा उनिहरूले ज्यालादारी काम गरेर जिविको पार्जन गर्दै आएको पाइयो।

  प्राकृतिक रूपमा हरभरा रहेका ति क्षेत्रमा जतातत‍ै खोलानालाहरू रहेका छन भने, वनको संरक्षणका लागि वस्तीका प्रायः सबै महिला पुरूषहरूको सहभागितामा सामुदायिक वन उपभोक्ता समितीहरू गठन गरिएका छन। घाँसदाउरा, काठपातको प्रयोग तथा खोटो संकलन जस्ता कार्यहरू र संकलन गरिएका अल्लोको विक्री वितरणमा सामुदायिक वनको महत्वपुर्ण भूमिका रहेको पाइयो। अध्ययन क्षेत्रहरूमा रहेका सामुदायिक वन उपभोक्ता समितीहरू यस प्रकार छन।

| वडा नं | सामुदायिक वनको नाम | स्थान वस्तिको नाम | अध्यक्षको नाम |
|---|---|---|---|
| १ | शिद्दनाथ सामुदायिक वन उपभोक्ता समिती | सानीखैगाड | तेज बहादुर खत्री |
| | कफलडा रानीवन सामुदायिक वन उपभोक्ता | तुषे पुराण | जित बहादुर मल्ल |

| | | | |
|---|---|---|---|
| | समिती | | |
| २ | छहरा सामुदायिक वन उपभोक्ता समिती | पतडा झरना | अर्जुन बोहरा |
| ३ | जनसामुदायिक वन उपभोक्ता समिती | गडाखर्क | मनोज ओली |
| | राष्ट्रिय वन उपभोक्ता समिती | कनेडी | |
| ४ | प्रगतिशिल बहुउद्देश्यिय कृषक समुह | अल्याडी | पदम बहादुर थापा |
| | जनसेवा सामुदायिक वन उपभोक्ता समिती | सिराड | योगेन्द्र गुरूङ |
| | घण्टेश्वर सामुदायिक वन उपभोक्ता समिती र खैगाड सामुदायिक वन उपभोक्ता समिती | ठुलीखैगाढ | भक्त बहादुर थापा मगर |

- **समुदायको मुख्य पेशाः** माथि उल्लेखित बस्तिहरूका समुदायको मुख्य पेशा कृषि नै भएतापनि मकै खेतीलाइ त्यस क्षेत्रको मुख्य वालीको रूपमा लिइन्छ। यसवाहेक कहि कहि धान, गहुँ खेती गरिएको पाइयो। जोरायल गाउँपालिकाको वडा नं. १ र ४ मा मौषमी तरकारीहरू जस्तै, लसुन, प्याज, आलु, चकुन्दर, गाजर, काक्रा, फर्सि, तरभुजा लगायतका उत्पादनहरू अत्याधिक मात्रामा हुने भएता पनि वजार र यातायातको अभावका कारण ति उत्पादनहरू कम मुल्यमा नै बिक्रि गर्नु पर्ने अवस्था देखियो। यस बाहेक वडा नं. ३, ४ का वस्तीहरूमा अमिलो जातका फलफुल, लिउडो, लगायत तरकारीहरू पनि उत्पादन हुने तर त्यहाँ पनि यातायात र वजारको समस्याका कारण कृषकहरूले कम मुल्यमा विक्री गर्ने र बिक्री नभएको उत्पादनका वस्तुहरू गाइ, वाख्रालाइ खुवाउने गरेको पाइयो। यसकारण उनिहरूले कृषि उत्पादनहरूको खपत, उचित मुल्य नभएका कारण ज्यालादारी काम गरेर जीवन निर्वाह गर्दै आएको पाइन्छ।
- **गरिबी तथा वैदेशिक रोजगार अवस्थाः** आत्मनिर्भर कृषि पेशा हुँदाहुँदै पनि सहज जीवनयापन गर्न र शिक्षा, स्वास्थ्य लगायतका सेवाहरूमा पहुँच नभएका कारण अध्ययन क्षेत्रका प्रायः यूवाहरू तराइ बसाइ सराइ तथा रोजगारको लागि पलायन भएको पाइन्छ। तथापी ठेकापट्टा गर्ने, सामाजिक कार्यमा संलग्न केहि यूवाहरू आफनो समुदायको विकासका लागि गाउमै रहेर पेशा ब्यबसाय गरिरहेको पाइयो।

## ६. FGD तथा KII बाट प्राप्त मुख्य निष्कर्षहरूः

### ६.१ अल्लोको उपलब्धताः

अध्ययनका क्रममा जोरायल गाउँपालिका वडा नं. १, २, ३ र ४ का क्षेत्रहरूका सामुदायिक वन तथा खुला वन क्षेत्र र खोलाहरूमा वार्षिक १८ हजार क्वीन्टल देखि २० हजार ५ सय क्वीन्टल अर्थात औषतमा १९,२५० क्वीन्टल, (१९ टन २५० क्वीन्टल) अल्लो संकलन गर्न सकिने जानकारी पाइयो। अल्लोको उपलब्धताका विषयमा ४ वटै वडाहरूका ९ वटा वस्तीहरूमा लक्षित समुहसंग छलफल गर्दा प्राप्त सूचनाहरूलाइ तलको तालिकामा यसप्रकार उल्लेख गरिएको छ।

| पालिका/ वडा नं. | अल्लो पाइने क्षेत्र | अनुमानित वार्षिक संकलन क्षमता (क्वीन्टल) | अल्लो संकलनमा संलग्न हुने घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|
| जोरायल गा.पा. १ | सानी खैगाड- वेरपाटा, धौलीबिडी खोला, अंजरे | २० देखि ३० क्वीन्टल | ३५ घरधुरी | जनजाती बस्ती |

| | | | | |
|---|---|---|---|---|
| | खोला, पत्थरवानी खोला, सानीखैगाड, खोतखोला, भट्टरेखोला, भालुखोला, किम्भुगडा, घण्टेश्वर | | | |
| | तुषे पुराण- इचरागडा, ककलैडाखोला, ९४ खोला, चौपाडी खोला, कपडा खोला, बेडे खोला, गुसेडी खोला, भुसुडी खोला, छहरा, पयौपानी, गुरासेपानी | २० देखि ३० क्वीन्टल | ७० घरधुरी | दलित, क्षेत्रीको वस्ती |
| २ | पतडा, झरना- छहराखोला, मचैयाखोली, धनगढीखोला, किम्वाखोला, चौपाताखोला, नानखेती, कसुडी, मलानी, विडली र रजेरखोला | ५ देखि १० क्वीन्टल | ६० घरधुरी | दलित, क्षेत्रीको वस्ती |
| ३ | गडाखर्क- अन्तरगत रहेका खोला र सामुदायिक वन क्षेत्र | ३० देखि ४० क्वीन्टल | ५५ घुरधरीमा ८० प्रतिशत (४४) घरधुरी संलग्न | २० घरधुरी जनजाती |
| | कनेडी- घट्टेखोला, किरिमताल, कनेडी खोला | १५ देखि २० क्वीन्टल | २१ घरधुरी | जनजातीको वस्ति |
| | अल्याडी- सामुदायिक वन, देउताल, ठाडटुङ, रोलखोला, रातेढुंगा, साउरेखोला, विष्ठ्य खोला, लामीताल, तकुल्टे, किमतला | ३० क्वीन्टल | १५घरधुरी | जनजातीको वस्ती |
| ४ | सिराड- वास्मतीखोला, झरेला खोला, सान्द्राखोला, ठुलोचौर, मल्लो सिराड, भालुखेत, पातल, ठुला घैरा, महादेवर कसेरोखोला | २० देखि २५ क्वीन्टल | ४२ घरधुरी | जनजातीको वस्ती |
| | ठुली खैगाड- दादरखोला, भन्ज्याङ खोला, चिट्टी खोला, सिसरेखोला, ठुलागडा, बाझका खोला, उखराने खोला, भालुखोला, | ४० देखि ५०क्वीन्टल | १००घरधुरी | जनजातीको वस्ती |

| | | | | |
|---|---|---|---|---|
| | चिन्टेरखोला, कठिखोला, समिसमखोला, दासीगाड, तल्लिखैगाड | | | |

**६.२ संकलन तथा प्रशोधन अवस्था**

- **हालको अभ्यासः**

  अल्लो उत्पादनको प्रचुर सम्भावना रहेको जोरायल गाउँपालिकाका वडा नं. १,२,३ र ४ नं. वडाका ८० प्रतिशत समुदायहरू खास गरि जनजातीका महिला पुरूषहरूले खोलाका किनार र वन क्षेत्रमा प्राकृतिक रूपमा उत्पादन हुने अल्लोलाइ भाद्र महिना देखि कार्तिक महिना भित्र खोलामै गएर संकलन गर्ने र आलै अवस्था (नसुकेको) मा पुराना कपडा वा पलाष्टिकलाइ हातमा बेरी लोक्ता निकाल्ने र ति लोक्ताहरूलाइ घरको छानामा सुकाइ विक्रिका लागि तयार गर्ने अभ्यास गरिएको पाइयो। अल्लो शरिरमा चिलाउने र काँडा विजाउने भएकोले उनिहरूले हातमा कपडा वा पलाष्टिक प्रयोग गर्दा रहेछन तर अल्लो उत्पादन हुने खोला किनार र वन क्षेत्रमा अल्लोको सिजनमा जुका लाग्ने भएकोले जुकाको प्रवाह नगरी धेरै थोरै आम्दानीको लागि उनिहरूले सहेर भएपनि लोक्ता निकाल्ने गर्दा रहेछन। यसरी सुकेको लोक्ताहरू गाउँमा आएका ठेकेदार, विचौलियाहरूलाइ सामुदायिक वन मार्फत के.जी.का हिसावले विक्री गर्ने प्रचलन रहेको पाइयो। लोक्ताको मुल्य सबै स्थानहरूमा समान नभएको र लोक्ता खरिद गर्ने ठेकेदार, विचौलियाहरूले माग र आवश्यकताका आधारमा लोक्ताको मूल्य निर्धारण गरि खरिद गर्ने अभ्यास पाइयो।

  जस्तैः गडाखर्कमा प्रति केजी लोक्ताको रू. ६० देखि १००।, अल्याडीमा प्रति केजी रू. ६५ देखि १३०।, कनेडीमा प्रति केजी रू. ११० देखि १६०।, सिराडमा प्रतिकेजी रू. ६० देखि १००।, ठुलीखैगाडमा पनि रू. ६० देखि १००।, सानीखैगाडमा प्रति केजी रू. ५०/ ६० देखि रू. १००।, तुषेपुराणमा प्रति के.जी. २५ देखि ८० र पताडा झरनामा पनि प्रति केजी रू.३० देखि ८० रहेको पाइयो।

  सामुदायिक वन उपभोक्ता समिती गडाखर्कका अध्यक्ष मनोज ओलीका अनुसार सामुदायिक वनको कार्ययोजना अनुसार वर्षमा ५० क्वीन्टल सम्म मात्र विक्री गर्न पाउने नियम भएकोले सो भन्दा बढी उत्पादन भएमा सामुदायिक वनले विक्री वितरणमा रोक लगाउने जानकारी भयो। साथै उनले समुदायले तयार गरेको लोक्ता सामुदायिक वनमा ल्याउने र सामुदायिक वन मार्फत ठेकेदारलाइ माथि तोकिएका मूल्यमा विक्री गर्दा ठेकेदारले सामुदायिक वनलाइ रोयल्टी वापत प्रतिकेजी रू. ७। बुझाउनु पर्ने र यसरी सामुदायिक वनले बुझेको प्रति केजी रू. ७। बाट पनि १५ प्रतिशत प्रदेशलाइ र १० प्रतिशत पालिकालाइ बुझाइ ७५ प्रतिशत वनले राख्ने गरेको जानकारी पाइयो।

- **प्रयोग भइरहेको सीपः**

  अल्लो संकलन तथा प्रशोधनका लागि प्रायः सबै स्थानहरूमा परम्परागत सिपलाइ नै बढी प्रयोग गरिएको पाइयो। विगत वर्षहरूमा गडाखर्कका ५/६ जना महिलाहरूले प्रशोधनको तालिम प्राप्त गरेका र कनेडीमा धागो बनाउने मशिन समेत उपलब्ध भएतापनि ति सबै जनशक्तिहरू तराइ बसाइसराइ भएको र मशिन काम नलाग्ने स्थितीमा रहेको जानकारी पाइयो। केहि अनुभवी महिलाहरूका अनुसार सिप सिकेकाहरूबाट सिप हस्तान्तरण हुन सकेन र अहिले पनि पुरानै परम्परा अनुसार हातमा कपडा वा पलाष्टिक वेर्ने र लोक्ता निकाली

घरको छानामा सुकाइ विक्री गर्ने परम्परागत सिप प्रयोग भैरहेको पाइयो। यसरी शरिरमा चिलाउने, जुकाको टोकाइको वास्ता नगरी संकलन गर्दा पनि सिजनमा एउटा वस्तीबाट रू. ३ लाख देखि ४ लाख सम्म आम्दानी गर्न सकिने उनिहरूले जानकारी पाइयो।

- **दिगोपनको अवस्थाः**

  जोरायलको १ देखि ४ नं. वडामा अध्ययन गरिएका बस्तीहरूमा अल्लोको सिजनमा नियमित विक्री वितरण र उचित मुल्य नभएका कारण त्यसको प्रभावकारी प्रयोग हुन सकेको छैन। सिजनमा अल्लो संकलन र लोक्ता निकाल्ने वा ननिकाल्ने र कति केजी सम्म मात्र निकाल्ने भन्ने कुराको निर्धारण ठेकेदार वा विचौलियामा भर पर्नुपर्ने जानकारी पाइयो। धनगढी, नेपालगन्ज, काठमाण्डौ लगायतका शहरहरूबाट माग भइ आएमा मात्र ठेकेदार वा विचौलियाले वन समितीलाइ जानकारी गराउने र सोही अनुसार समुदायले सिजनमा अल्लो संकलन र लोक्ता निकाल्ने गरेको पाइयो। लोक्ता बनाइ सके पछिपनि ठेकेदार वा विचौलियालाइ घाटा पर्ने सम्भावना देखिएमा उसले खरिद नगर्ने र खेर जाने सम्भावना भएकोले पनि केहिले मात्र अल्लोमा काम गर्ने र केहिले नगर्ने अभ्यास देखियो। अल्लो हरेक वर्ष आफनो सिजनमा आफै उम्रने वन जन्य बनस्पती भएकोले कसैले प्रयोग गरे पनि नगरेपनि उम्रने भएकोले समुदायले यसलाइ आयआर्जनको मुख्य स्रोत बनाउन जंगल नजिक रहेका नीजि  तथा सरकारी बाँझा जमिनहरूलाइ समेत प्रयोग गर्ने सम्भावना भएकोले अल्लो खेतीका माध्यमबाट पनि यसको उत्पादनलाइ बढाउने र दिगो आयआर्जनको स्रोत बनाउ सकिने सम्भावना देखिन्छ।

### ६.३ समुदायको धारणा

- **समुदायको रुचिः**

  लक्षित समुह छलफल र सरोकारवालाहरूसंगको अन्तरवार्ताको क्रममा अल्लो संकलन र परम्परागत शैली मै भएपनि प्रशोधनको कार्य गर्दै आइरहेको, घरखर्च चलाउन सस्तो महङ्गोमा ठेकेदारहरूलाइ विक्री गर्दै आइरहेको अवस्थामा यदी हामीलाइ संस्था, पालिकाले तालिमको ब्यबस्था, हातमा लगाउने पञ्जा, शरिरमा लगाउने पलाष्टिकको कपडा, गमवुट जस्ता सामाग्रीहरू उपलब्ध गराइदिएमा हामी अझबढी लोक्ता निकालेर विक्री गर्न सक्छौ भन्ने आत्मविश्वास भएको पाइएको छ। यदी वजार र उचित मुल्य भएमा उनिहरूले खोला किनारमा उत्पादन हुने अल्लो मात्र होइन आफनो बाँझो खेतमा समेत अल्लोको खेती गर्न सकिने छलफलमा बताएका थिए। वनउपोक्ता समितीका अध्यक्षहरूले पनि खोलामा खेर गइरहेको अल्लो स्रोतलाइ संकलन गर्ने, लोक्ता निकाल्ने आधुनिक सिप र प्रविधि उपलब्ध हुन सके अल्लो यहाँका समुदायको आम्दानीको मुख्य स्रोत बन्न सक्ने धारणा ब्यक्त गर्नु भएको थियो। उचित मुल्य, वजारीकरणको निरन्तरता, आधुनिक सिप र प्रविधि हस्तान्तरण भएमा प्राकृतिक रूपमा खोला किनारमा उत्पादन हुने अल्लो र खेतमा उत्पादन हुने अल्लोले उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थ र किसानको नियमित आम्दानीको लागि पनि दिगो स्रोत हुने विश्वास गरिन्छ।

- **युवा सहभागिता**

  अल्लोको अवस्था अध्ययन गरिएका जोरायल गाउँपालिकाका ९ वटा वस्तीहरूमा गरिएको लक्षित समुह छलफलमा १२४ जना यूवा विवाहित महिलाहरू नै सहभागि भएका थिए। छलफलका क्रममा अध्ययन र

रोजगारका लागि केहि यूवाहरू गाउँ वाहिर र जिल्ला वाहिर भएतापनि महिलाहरू घरमै रहने र चिसो मौषमका कारण सिजनमा मात्र खेतीपातीको काम हुने भएकोले खासगरि जनजाती, दलित, र गरिवीको अवस्थामा रहेका महिलाहरूले बाँझो जमिनमा अल्लोको खेती गरेर पनि संकलन र प्रशोधन कार्यलाइ अवसरको रूपमा लिएको धारणा पाइएको छ।

- **महिला, दलित तथा जनजातीको भूमिका**

  अध्ययन क्षेत्रका बस्तीहरू अर्थात जुन स्थानहरूमा अल्लो उत्पादनको सम्भावना रहेको छ त्यहाँ सबैभन्दा बढी जनजाती, र दलित समुदायको बस्ती रहेको पाइन्छ। यिनिहरूको मुख्य पेशा कृषि भनिए पनि कृषिबाट प्रयाप्त उत्पादन नभएका कारण अन्य ज्यालादारी कामहरूमा बढी संलग्न रहेको पाइन्छ। विगतमा पनि यिनै समुदायले आयस्रोतको लागि परम्परागत सिप र अनुभवको आधारमा अल्लो संकलन र लोक्ता निकाल्ने काम गर्दै आइरहेका जनजाती, दलित महिलाहरूले नियमित आयआर्जनको अवसर पाएमा उनिहरूको भूमिका अझै बढने देखिन्छ।

### ६.४ आयआर्जनको सम्भावना

- व्यवसायिक सम्भावना

  जोरायल गाउँपालिकामा अल्लो उत्पादन र प्रशोधन कार्यलाइ ब्यवसायिक रूपमा अगाढी बढाउन सकिने सम्भावना अत्याधिक रहेको छ। अल्लोको प्रचुर सम्भावना रहेको यस पालिकामा विगतमा अल्लोको धागो बनाउने, झोला बनाउने, डोरी बनाइ विक्री गर्ने अभ्यास गरिएका भएपनि वजारीकरण र उचित मुल्य नभएका कारण यसले निरन्तरता पाउन सकेन। तरपनि आर्थिक अभावका कारण विगतका परम्परागत सिप र अनुभवलाइ प्रयोग गरि अहिले पनि गडाखर्क, अल्याडी, कनेडी, सिराड, ठुलीखैगाड, सानीखैगाड, तुषे, पुराण, र पतडा झरनाका वस्तीहरूमा बसोवास गर्ने समुदायले सिजनमा सामुदायिक वन मार्फत ठेकेदारलाइ लोक्ता बनाइ विक्री गर्दै आइरहेको पाइयो।

  यसकारण गाउँपालिका, सामुदायिक वनसंगको समन्वय र सहकार्यमा ति स्थानका समुदायहरूलाइ संगठित गरि आधुनिक ज्ञानसिप र प्रविधिहरूको हस्तान्तरण र वजार तथा उचित मुल्यको ब्यबस्थापन गर्न सकेमा जोरायल गाउँपालिकामा अल्लो संकलन, प्रशोधन कार्यलाइ आयआर्जनको मुख्य स्रोत बनाउन सकिन्छ।

- **घरेलु उद्योग सम्भावना**

  जोरायल गाउँपालिकाले विगतमा वडा नं. १ को बेल्चाप्लान भन्ने स्थानमा अल्लोको उद्योग संचालन गर्न अनुदान सहयोग गरेको थियो। केहि समय त्यो उद्योग संचालनमा आइ अल्लोको धागो बनाइ जिल्ला वाहिर पठाउने गरेको भएतापनि वजारीकरण र दक्ष जनशक्तिको अभावले त्यो उद्योग दिगो रहन सकेन।

  तर हाल धेरैजसो शहरहरूमा वातावरणमैत्री तथा प्राकृतिक उत्पादनको माग वृद्धि हुदै गएको र जोरायल गाउँपालिकामा अल्लोजन्य उत्पादनको व्यावसायिक सम्भावना बढी नै भएकोले अल्लोलाइ संकलन, प्रशोधन गर्न जोरायल गाउपालिकाको बुडँर वजारमा अल्लो उद्योग संचालन त्यहाँबाट धागो, कपडा, जुहारी, मोबाइल ब्याग, टोपी, पर्स, गलबन्दी जस्ता सामाग्रीहरू उत्पादन गरि स्थानिय वजार, तराइका छिमेकी जिल्ला, र अन्य शहरी जिल्लामा स्थापित अल्लो उद्योगहरूलाइ विक्रि वितरण गर्न र दलित, जनजाती तथा

विपन्न समुदायलाइ रोजगारीको अवसर सिर्जना गरि आयआर्जनको मुख्य स्रोत बनाउन उद्योगको ठुलो सम्भावना रहेको पाइन्छ। लक्षित समुह छलफल गर्दा अल्लोको माग बढदै जाँदा महिला समुहहरूले घरमै तान राखेर धागो बनाउन सकिने धारणा समेत राखेका थिए जसले महिलाहरूको आर्थिक आत्मनिर्भरता बढाउन निकै मद्दत पुर्याउन सक्छ।

- **रोजगारी सिर्जना**

  प्रचुर मात्रामा अल्लोको सम्भावना रहेको जोरायल गाउँपालिकामा अल्लो संकलन प्रशोधन र उद्योग संचालनले घरै देखि नै रोजगारीको अवसर उपलब्ध गराउने सम्भावना देखिन्छ। आधुनिक सिप र प्रविधिको प्रयोगले महिलाहरू घरमै तान राखेर धागोहरू बनाइ उद्योगमा पठाउन सकिने सम्भावना एकातिर छ भने उद्योग संचालन र वजारीकरणले सम्बन्धित क्षेत्रका यूवाहरूले रोजगारको अवसर पाउने अधिक सम्भावना रहेको पाइन्छ।

## ७. अल्लो स्रोत, उत्पादन तथा सम्भाव्यता विश्लेषण

### ७.१ सम्भावित उत्पादनहरू

लक्षित समुह छलफल तथा सरोकारवालहरूसंगको छलफलका आधारमा पहिले पहिले अल्लोको लोक्ताबाट धागो बनाइ घरको प्रयोगको लागि बोरा, डोरी, झोला जस्ता सामाग्रिहरू बनाउने गरेको भएतापनि ठेकेदारहरूले अल्लो खरिद गर्न थालेपछि सामाग्री निर्माण गर्न छोडी लोक्ताहरू विक्री गर्दै आएको जानकारी पाइयो। तर शहर वजारमा अल्लोको सामाग्रीहरूको माग बढन थालेको महशुस गरेका ति समुदायहरूले अल्लोबाट निम्न बमोजिमका सामाग्रीहरू निर्माण गरि स्थानिय तथा राष्ट्रीय वजारमा विक्री गर्न सकिने जानकारी विश्वास दिलाउनु भयो।

- अल्लोको धागो
- अल्लोको कपडा (जुहारी, स्टकोट, कोट)
- झोला, मोवाइल ब्याग
- टोपी
- गलबन्दी
- घरेलु सजावटका सामग्री
- हस्तकलाका सामग्री
- आदी

### ७.२ प्रशोधन केन्द्र, उद्योग स्थापनाको सम्भाव्यता

**क) संकलन केन्द्र (Collection Center)**

जोरायल क्षेत्र अल्लो उत्पादनका लागि प्राकृतिक रूपमा उपयुक्त पहाडी वन क्षेत्र भएकाले कच्चा पदार्थ (अल्लो) स्थानीय वन र समुदायबाट सहज रूपमा संकलन गर्न सकिन्छ। वन समितीको समन्वय र सहकार्यमा प्रत्येक टोल वा वडास्तरमा रहेका वन समितका भवनहरूलाइ साना संकलन केन्द्रको रूपमा स्थापना गर्दा किसान तथा संकलकलाई अल्लो संकलन, प्रशोधन र प्रारम्भिक भण्डारण गरि वन समिती मार्फत विक्री वितरण गर्न सहज हुने

देखिन्छ। यसले कच्चा पदार्थको क्षति कम गर्नुको साथै गुणस्तर कायम राख्न समेत मद्दत गर्ने देखिन्छ। स्थानीय सामुदायिक वन उपभोक्ता समिती मार्फत संकलन प्रणाली व्यवस्थापन गर्दा दिगो आपूर्ति सुनिश्चित हुने सम्भावना पनि उच्च देखिन्छ।

**ख) बुडरमा उद्योग स्थापना (Industry Establishment in Budar)**

जोरायल गाउँपालिकाको बुडर क्षेत्र भौगोलिक र यातायातको दृष्टीकोणले पहुँच योग्य देखिन्छ। प्रशासनिक केन्द्र र वजारसँग नजिक भएकाले बुडर स्थित औधोगिक ग्राममा अल्लो प्रशोधन उद्योग स्थापनाका लागि उपयुक्त स्थान मानिएको छ। बुडरबाट आसपासका गाउँ तथा जिल्लाहरूमा यातायातको पहुँच सहज हुने भएकाले कच्चा पदार्थ ढुवानी तथा उत्पादन वितरण दुबैका लागि सहज हुन सक्छ। साथै यहाँ स्थानीय श्रमशक्ति उपलब्ध हुने भएकाले रोजगारी सिर्जना र उद्योग सञ्चालन लागत घट्ने सम्भावना रहन्छ। दीर्घकालीन रूपमा बुडरलाई अल्लो प्रशोधन तथा औधोगिक केन्द्रको रूपमा विकास गर्न सकिने सम्भावना पनि उच्च देखिएको छ।

**ग) पूर्वाधार (Infrastructure)**

जोरायल क्षेत्रका प्राय सबै वडाहरूमा सडक पहुँच विस्तार हुँदै गएको भए पनि केही ग्रामीण बस्तीहरूमा भूगोल र वर्षाका कारण केहि समय यातायातमा समस्या आउन सक्ने देखिन्छ तथापी अल्लोको सिजन भाद्र महिना देखि कार्तिक सम्म हुने भएकोले उक्त समयमा सबै वडाहरूमा यातायातको सहज पहुँच हुने गर्दछ। त्यसैले सकलन केन्द्रका लागि वन समितीको भवन र उद्योगका लागि मुख्य सडक नजिक रहेको बुडर वजारमा रहेको औधोगिक ग्रामको भवन उपयुक्त स्थान हुने देखिन्छ। प्रशोधन केन्द्रका लागि भवन, सुख्खा गर्ने ठाउँ, भण्डारण कक्ष र सुरक्षा संरचना आवश्यक हुन्छ। सामुदायिक वन र स्थानीय तहको सहकार्यमा सानाखाले (विजुली, पानी) पूर्वाधार को विकास गर्न सकिएमा लागत घट्ने र सञ्चालनमा सहज हुने देखिन्छ।

**घ) पानी (Water Supply)**

अल्लो प्रशोधन प्रक्रियामा सफा पानी अत्यावश्यक हुने भएकाले जोरायल क्षेत्रमा उपलब्ध खोलानाला तथा मुहानहरूको उपयोग गर्न सकिने सम्भावना छ। केही स्थानमा मौसमी पानी अभाव हुन सक्ने भएकाले पानी संकलन ट्याङ्की र साना सिँचाइ/पानी व्यवस्थापन गर्नुपर्ने देखिन्छ। उद्योग नजिक सुरक्षित र नियमित पानी आपूर्ति सुनिश्चित गर्न जोरायल गाउँपालिकाको समन्वय र सहकार्यमा स्थानीय जलस्रोत संरक्षण र प्रर्वद्दन गर्नुपर्ने देखिन्छ।

**ङ) बिजुली (Electricity)**

जोरायल क्षेत्रमा केन्द्रीय विद्युत् पहुँच विस्तार भैसकेको भएतापनि केहि वडाका ग्रामिण वस्तीमा विस्तार भैरहेको पाइन्छ। संकलन केन्द्र, उद्योग सञ्चालन गर्ने स्थानहरूमा विजुलीको पहुँच पुगेको पाइन्छ, तथापी केहि वन उपभोक्ता सिमतीका भवनहरूमा विजुली लाइनको ब्यबस्थापन गर्नुपर्न देखिएको छ। प्रशोधन मेसिन, सुकाउने उपकरण र प्रकाश व्यवस्थाका लागि स्थिर विद्युत् आपूर्ति आवश्यक भएकाले लाइन विस्तार तथा सौर्य प्रणाली दुबैको ब्यबस्थापन गर्नुपर्ने देखिन्छ।

**च) यातायात (Transportation)**

बुडर र आसपासका मुख्य सडकहरूबाट धनगढी, डोटी सदरमुकाम तथा अन्य बजारसम्म पहुँच सम्भव भएकाले अल्लो उत्पादनको ढुवानी र बिक्रीमा सहज हुने देखिन्छ। तर वर्षायाममा ग्रामीण सडक अवरुद्ध हुने समस्या देखिने भएतापनि अल्लोको सिजनमा यसले यातायातमा खासै प्रभाव पार्दैन। स्थानीय स्तरमा साना सवारी साधन प्रयोग गरेर संकलन केन्द्रबाट उद्योगसम्म कच्चा पदार्थ पुऱ्याउने व्यवस्था गर्न सकिएमा लागत र समय दुबै बचत हुनसक्छ।

**८. सामाजिक तथा वातावरणीय प्रभाव**

**क) सकारात्मक प्रभाव:**

- **स्थानीय स्तरमा रोजगारी सिर्जना**

  अल्लो संकलन, प्रशोधन तथा उद्योग सञ्चालनबाट स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना हुन सक्ने देखिन्छ। विशेषगरी बेरोजगार युवा, महिला तथा आर्थिक रूपमा कमजोर परिवारहरूले स्थानीय स्रोतमा आधारित खासगरि अल्लो स्रोतलाइ आयआर्जनको मुख्य अवसर बनाउन सक्ने सम्भावना रहेको छ।

- **जनजाती, महिला तथा दलित समुदायको आर्थिक सशक्तीकरण:**

  अल्लोमा आधारित उद्यम सञ्चालनले महिला, दलित तथा सीमान्तकृत समुदायलाई आयआर्जनमा सहभागी गराई उनिहरूको आर्थिक सशक्तीकरणमा योगदान पुर्याउन सकिने सम्भावना देखिन्छ। समूहमा आधारित उत्पादन तथा उद्यम विकासले सामाजिक सहभागिता र आत्मनिर्भरता समेत वृद्धि गर्न यसले मद्दत पुर्याउन सक्छ।

- **स्थानीय सीप संरक्षण र हस्तान्तरण:**

  लक्षित समुदायको चासों र सहभागितालाइ हेर्दा स्थानिय परम्परागत रूपमा प्रयोग हुँदै अनुभव, ज्ञान सिप र आधुनिक ज्ञान, सीप तथा हस्तकला दुबैको संरक्षण तथा नयाँ पुस्तामा हस्तान्तरण हुनसक्ने सम्भावना निकै बढी देखिएको छ। यसले स्थानीय पहिचान तथा सांस्कृतिक सीप संरक्षणमा समेत सहयोग पुग्न गइ लक्षित समुदायको आत्मनिर्भरतामा सहयोग पुग्ने देखिन्छ।

- **वनजन्य स्रोतको दिगो उपयोग:**

  अल्लो जस्ता वनजन्य स्रोतको व्यवस्थित उपयोग तथा व्यवस्थापनबाट वन स्रोतको दिगोपन कायम राख्दै आर्थिक लाभ लिन सकिने सम्भावना छ। वन क्षेत्रमा वाँझो रहेको जमिनमा समेत अल्लो खेती गर्न सकिने सम्भावना भएकोले वनजन्य स्रोतको दिगो उपयोग  गर्रन सकिने र समुदायलाई वन संरक्षणतर्फ थप जिम्मेवार बनाउन सकिने सम्भावना देखिन्छ।

**ख) सम्भावित नकारात्मक प्रभाव:**

- **अव्यवस्थित संकलनबाट वनमा असर**

  यदि अल्लोको अव्यवस्थित तथा अत्यधिक संकलन, डढेलो लगाउने गरियो भने वन क्षेत्रको जैविक विविधता तथा प्राकृतिक पुर्नउत्पादन प्रक्रियामा असर पर्न सक्ने जोखिम देखिन्छ। उचित व्यवस्थापन बिना हुने दोहनले दीर्घकालमा अल्लो स्रोत घट्ने सम्भावना पनि रहन सक्छ।

**ग) न्यूनीकरण उपाय**

- **वन समितीहरूसँग समन्वय र सहकार्य**

  अल्लो संकलन तथा व्यवस्थापन कार्य सामुदायिक वन उपभोक्ता समिती तथा सम्बन्धित निकायसँग समन्वय गरी सञ्चालन गर्न आवश्यक देखिन्छ। यसले अत्याधिक संकलन तथा अगलागी जस्ता गितविधिहरूलाइ नियन्त्रण गरि स्रोत संरक्षण तथा दिगोपन सुनिश्चित गर्नमा मद्दत पुऱ्याउँछ।
- **बाँझो जमिनमा अल्लो खेती**

  प्राकृतिक वनमा मात्र निर्भर नरही बाँझो तथा खाली जमिनमा अल्लो खेती प्रवर्द्धन गर्न सकेमा स्रोत संरक्षणसँगै उत्पादन वृद्धि गर्न सकिने सम्भावना रहेको छ। लक्षित क्षेत्रमा मकै वाली मात्र हुने भएकोले अन्यवालिको सिजनमा जमिन बाँझो रहनेभएकोले अध्ययन क्षेत्रका समुदायहरू ति बाँझो जमिनमा अल्लो खेती गर्न सक्ने सम्भावना देखिएको छ।

- **दिगो संकलन तालिम**

  समुदायलाई दिगो संकलन विधि, संरक्षण तथा पुर्नत्पादन सम्बन्धी तालिम प्रदान गर्न आवश्यक देखिन्छ। यसले वन स्रोतको दीर्घकालीन संरक्षणमा सहयोग पुऱ्याउँछ।

- **वन व्यवस्थापन योजना**

  अल्लो स्रोतको संरक्षण, संकलन तथा उपयोगलाई व्यवस्थित बनाउन सामुदायिक वन तथा स्थानीय सरकारसँग समन्वय गरी स्पष्ट वन व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ।

## ९. जोखिम विश्लेषण तथा न्यूनीकरण

| सम्भावित जोखिम | न्यूनीकरण उपाय | अवसरहरू |
|---|---|---|
| • कच्चा पदार्थ अभाव र ब्यबस्थापन<br>• लगानी तथा बजारीकरणको समस्या<br>• ज्ञान, सीपको अभाव<br>• युवा पलायन<br>• दिगोपन<br>• ठेकेदार र विचौलियाको प्रभाव | • अल्लोको महत्वको वारेमा जनचेतना<br>• अल्लो खेती संचालन, दिगो संकलन<br>• बजारीकरण, समन्वय, प्रचार प्रसार<br>• नीतिगत सहयोग र सहजीकरण<br>• तालिम तथा प्रविधि हस्तान्तरण | • घरेलु उद्योग विकास<br>• महिला उद्यमशीलता<br>• आयआर्जनको मुख्य स्रोत<br>• पर्यावरणमैत्री उत्पादन<br>• पर्यटनसँग जोड्ने सम्भावना<br>• अल्लो उत्पादनका सामाग्रीलाइ जोरायलको ब्रान्डीङ बनाउन सकिने |

| | | |
|---|---|---|
| • भौगोलिक विकटता<br>• वन विनासले अल्लो उत्पादनमा कमि<br>• श्रमको उचित मुल्य नपाउनु<br>• जिविको पार्जनमा कठिनाइ<br>• नीतिगत जटिलता<br>• वन समितीलाइ रोयल्टी बुझाउनु पर्ने | • उद्योग संचलनका लागि शुरूआँती लगानी सहयोग<br>• पालिका द्वारा विचौलियाको नियन्त्रण र दररेट कायम<br>• वन समितीद्वारा निरन्तर अनुगमन, नियमन<br>• वन समितीमा संकलन केन्द्र र औधोगिक ग्राममा उद्योग स्थापना | • संकलन केन्द्रका लागि वन समितीका भवन र उद्योग संचालनका लागि औधोगिक ग्रामको भवनलाइ प्रयोग गर्न सकिने<br>• स्थानिय सरकारको सहयोग<br>• वन उपभोक्ता समितीको सहयोग |

**१०. संस्थागत तथा नीतिगत पक्ष**

अल्लो प्रवर्द्धन तथा उद्योग सञ्चालनलाई दिगो, व्यवस्थित र प्रभावकारी बनाउन स्थानीय सरकार, सामुदायिक वन उपभोक्ता सिमती, महिला समुह, संघसंस्था तथा विकास साझेदार संस्थाहरूको समन्वय र सहकार्य महत्वपूर्ण पक्षका रूपमा रहेको छ । यस अध्ययनका क्रममा प्राप्त जानकारीका आधारमा संस्थागत तथा नीतिगत पक्षलाई निम्न अनुसार विश्लेषण गरिएको छ ।

**क) पालिकाको नीति**

जोरायल गाउँपालिकाले स्थानीय स्रोत, सीप तथा उद्यम विकासलाई प्राथमिकतामा राख्दै कृषि, वन तथा उद्यम विकास सँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ । स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगार सिर्जना तथा महिला तथा सीमान्तकृत समुदायको आर्थिक सशक्तीकरणलाई गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममा समावेश गरेको पाइन्छ । यद्यपि, अल्लो प्रवर्द्धनलाई लक्षित गरी स्पष्ट नीति, कार्यविधि वा दीर्घकालीन योजना निर्माणको आवश्यकता रहेको भएतापनि आ.व. २०८३/८४ को निति तथा कार्यक्रम र वजेटमा अल्लो उद्योगलाइ प्राथमिकता दिइएको छ । तथापी, अल्लोमा आधारित उद्योग विकासका लागि स्थानीय तहबाट स्पष्ट नीति, बजेटको ब्यबस्थापन र प्रविधि हस्तान्तरण तथा बजार व्यवस्थापनमा सहकार्य र सहजीकरण अत्यावश्यक रहन्छ ।

**ख) अनुदान तथा सहुलियत**

पालिकाबाट कृषि, पशुपालन, उद्यम विकास तथा स्वरोजगारसँग सम्बन्धित विभिन्न अनुदान तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । विगतमा सम्भाब्यता अध्ययन नै नगरी अल्लो संकलन, प्रशोधन कार्यका लागि जोरायल गाउँपालिकाले वजेटको ब्यबस्था गरेको भएतापनि समुदाय तहबाट कुनै पहल नभएका कारण वजेट फ्रिज गएको अवस्था पाइयो । यसर्थ, आगामी दिनमा स्थानिय समुदायको सहभागितामा जोरायल गाउँपालिकालाइ अल्लोको ब्राण्डको रूपमा विकास गरि स्थानिय स्तरमा स्वोरोजगारको वातावरण सिर्जना गर्न अल्लो संकलन, प्रशोधन र उद्योग संचालनका लागि पालिकाले निम्न बमोजिमका पहलहरू गर्नुपर्ने देखिन्छ । (लक्षित समुह छलफलबाट आएका बुँदाहरू)

- सीपमूलक आधुनिक तालिम
- प्रशोधन उपकरण तथा मेसिनरीमा अनुदान
- ठेकेदार तथा विचौलियालाइ प्रतिवन्ध
- अल्लोको दर रेट निर्धारण र एकरूपता
- वजारीकरणको ग्यारेन्टी तथा ढुवानीमा सहयोग
- उद्यम सञ्चालनका लागि सहुलियत ऋण
- घरेलु उद्योग दर्ता तथा व्यवसाय सञ्चालनमा सहजीकरण
- दातृसंस्थाहरूसंग समन्वय
- वन समितीहरूसंग समन्वय र सहजीकरण तथा नियमित अनुगमन

यदि स्थानीय सरकार तथा साझेदार संस्थाबाट यस्ता सहुलियत कार्यक्रम सञ्चालन गर्न सकिएमा अल्लो व्यवसायलाई स्थानीय आयआर्जनको प्रभावकारी माध्यम बनाउन सकिने सम्भावना देखिन्छ।

**ग) सामुदायिक वन उपभोक्ता समितीको भूमिका**

अल्लो मुख्य रूपमा वन क्षेत्रमा पाइने भएकाले यसको दिगो व्यवस्थापन तथा संरक्षणमा सामुदायिक वन उपभोक्ता समितीको महत्वपूर्ण भूमिका रहने देखिन्छ । अध्ययनका क्रममा सामुदायिक वन समितीका पदाधिकारीहरूले वन संरक्षण तथा वनजन्य स्रोत व्यवस्थापनमा सक्रिय भूमिका निर्वाह गरिरहेको जानकारी प्राप्त भयो । अल्लो स्रोतको दिगोपन सुनिश्चितताका लागि सामुदायिक वन उपभोक्ता समितीले निम्न बमोजिमका कार्यहरूमा सहयोग गर्नुपर्ने देखिएको छ। (लक्षित समुह छलफलका आधारमा)

- अल्लो दिगो संकलन प्रणालीको विकास
- अल्लो संरक्षण तथा अल्लो खेती संचालन कार्यक्रममा सहजीकरण
- संकलन समय तथा प्रशोधन समय व्यवस्थापन
- वनजन्य स्रोतको उपयोगिताका वारेमा समुदायस्तरमा सचेतना अभिवृद्धि
- महिला, जनजाती तथा दलित समूहको सहभागिता सुनिश्चित
- सामुदायिक वन समितीको नीतिनियमका वारेमा अभिमुखीकरण
- अल्लो संकलन र वितरणमा समितीको भवनको उपलब्धता

सामुदायिक वन समिती, स्थानीय सरकार तथा समुदायबीच समन्वय हुन सकेमा अल्लो स्रोतको दीर्घकालीन संरक्षण तथा उपयोगमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

**घ) साझेदार संस्थाको भूमिकाः**

अध्ययनका क्रममा स्थानीय स्तरमा विभिन्न संघसंस्थाहरूले जीविकोपार्जन, महिला सशक्तीकरण अन्तरगत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको भएतापनि अल्लो संकलन तथा प्रशोधन अर्थात उद्योग संचालनका लागि पालिका बाहेक अन्य कुनै संघसंस्थाहरूले पहल गरेको पाइएन। यस कारण अल्लो संकलन, प्रशोधनका

लागि साझेदार संस्था (एक्शनएड नेपाल, इडीसी) ले विशेषगरी निम्न क्षेत्रमा सहयोग गर्न सक्ने सम्भावना देखिन्छ । (लक्षित समुह छलफलका आधारमा)

- प्राविधिक तथा सीपमूलक तालिम
- उद्यम विकास तथा व्यवसाय व्यवस्थापन
- उपकरण तथा प्रविधि सहयोग
- बजारीकरण तथा गुणस्तर
- महिला तथा सीमान्तकृत समुदायको क्षमता विकास
- वित्तीय पहुँच तथा वन समितीसँग समन्वय
- अध्ययनमुलक भ्रमण
- उद्योग स्थापनामा सहयोग

यस प्रकारका सहयोगहरूले स्थानीय समुदायलाई अल्लोमा आधारित उद्योग सञ्चालन तर्फ आकर्षित गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने देखिन्छ ।

**ङ) इडीसी तथा पालिकाको साझेदारी सम्भावना**

समविकास केन्द्र (इडीसी) नेपाल र जोरायल गाउँपालिकाबीचको सहकार्यमा अल्लो प्रवर्द्धन तथा स्थानीय उद्यम विकासका लागि प्रभावकारी आधार बन्न सक्ने सम्भावना देखिन्छ । पालिकाले नीति, बजेट तथा स्थानीय समन्वयको भूमिका निर्वाह गर्ने तथा इडीसी नेपालले प्राविधिक सहयोग, क्षमता विकास, सामाजिक परिचालन तथा कार्यक्रम व्यवस्थापनमा सहकार्य गर्न सक्ने देखिन्छ । विशेषगरी निम्न क्षेत्रमा साझेदारी प्रभावकारी हुन सक्ने सम्भावना देखिएको छ:

- सम्भाव्यता अध्ययन पछिको कार्ययोजना निर्माण
- महिला तथा दलित लक्षित सीप विकास तालिम
- पालिकाको समन्वयमा अल्लो प्रशोधन केन्द्र स्थापना
- भौतिक पूर्वाधार ब्यबस्थापन (भवन, विजुली, खानेपानी, सडक)
- सामुदायिक समूह सुदृढीकरण
- बजार प्रवर्द्धन तथा उद्यम विकास
- दिगो वन व्यवस्थापन तथा संरक्षण अभियान

यस प्रकारको साझेदारीले स्थानीय स्रोतको उपयोग गर्दै दिगो आयआर्जन, रोजगारी सिर्जना तथा समुदायको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने अपेक्षा गरिएको छ ।

## ११. निष्कर्ष (Conclusion)

जोरायल गाउँपालिकाका वडा नं. १, २, ३ र ४ का विभिन्न क्षेत्रहरूमा गरिएको सम्भाव्यता अध्ययनबाट अल्लो स्रोतको उपलब्धता, समुदायको रुचि, परम्परागत सीप, श्रमशक्तिको उपलब्धता तथा स्थानीय सरकारको सकारात्मक प्रतिबद्धताका आधारमा अल्लो संकलन, प्रशोधन तथा उद्योग सञ्चालनका लागि प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिकोणले सम्भाव्य देखिन्छ।

अध्ययनका क्रममा समुदायस्तरमा पर्याप्त मात्रामा प्राकृतिक रूपमा अल्लो उपलब्ध रहेको, विगतदेखि नै स्थानीय समुदाय विशेषगरी महिला, जनजाति तथा दलित समुदाय अल्लो संकलन र प्रारम्भिक प्रशोधन कार्यमा संलग्न रहेको तथा आयआर्जनका वैकल्पिक अवसरको खोजीमा रहेको तथ्य पुष्टि भएको छ। यसले अल्लोमा आधारित उद्यम विकासका लागि आवश्यक आधारभूत सामाजिक तथा मानवीय स्रोत उपलब्ध रहेको देखाउँछ।

अल्लोबाट धागो, कोट, जुहारी, स्टकोट, झोला, मोबाइल ब्याग, पर्स, टोपी, हस्तकला लगायतका सामग्री, सजावटका सामग्री तथा अन्य वातावरणमैत्री उत्पादनहरू निर्माण गरी स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पहुँच विस्तार गर्न सकिने पर्याप्त सम्भावना रहेको देखिएको छ। पछिल्लो समय प्राकृतिक तथा वातावरणमैत्री उत्पादनप्रति बढ्दो आकर्षणले अल्लोजन्य उत्पादनको बजारको सम्भावनाले अझ सुदृढ बनाएको छ।

यद्यपि, उत्पादन तथा प्रशोधन प्रविधिको अभाव, बजार पहुँचको सीमितता, मूल्य निर्धारणमा एकरूपताको कमी, ठेकेदार तथा विचौलियाको प्रभाव, आर्थिक स्रोतको अभाव, दक्ष जनशक्तिको कमी तथा संस्थागत समन्वयको आवश्यकता प्रमुख चुनौतीका रूपमा देखिएका छन्। साथै, अल्लो स्रोतको दिगोपन कायम राख्न व्यवस्थित संकलन प्रणाली, संरक्षण उपाय तथा व्यावसायिक अल्लो खेती विस्तार गर्न आवश्यक रहेको अध्ययनले देखाएको छ।

स्थानीय सरकार, सामुदायिक वन उपभोक्ता समितिहरू, निजी क्षेत्र, संघ संस्था तथा विकास साझेदार संस्थाहरूबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित गर्न सकिएमा जोरायल गाउँपालिकामा अल्लोमा आधारित उद्योग स्थापना गरी स्थानीय स्तरमा रोजगारी सिर्जना, महिला तथा सीमान्तकृत समुदायको आर्थिक सशक्तीकरण, वनजन्य स्रोतको दिगो उपयोग तथा स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सकिन्छ।

जोरायल गाउँपालिकाका चार वडाहरूका लक्षित क्षेत्रबाट वार्षिक १८ हजार क्वीन्टल देखि २० हजार ५ सय क्वीन्टल अर्थात औषतः १९,२५० क्वीन्टल, (१९ टन २५० क्वीन्टल) अल्लो संकलन गर्न सकिने भएकोले उद्योग संचालनका लागि कच्चा पर्दाथको अभाव नहुने देखिन्छ। तसर्थ, आवश्यक नीतिगत सहयोग, प्राविधिक क्षमता विकास, प्रविधि, उपकरणको उपलब्धता, वित्तीय पहुँच, बजार व्यवस्थापन, पूर्वाधार विकास, दक्ष श्रमिक र समुदाय परिचालनलाइ प्राथमिकतामा राखी योजनाबद्ध रूपमा कार्यान्वयन गरेमा जोरायल गाउँपालिकालाइ अल्लोका सामाग्रीहरू उत्पादन गर्ने क्षेत्रको रूपमा विकसित गर्नका साथै आर्थिक, सामाजिक, पर्यटन र औधोगिक क्षेत्रको रूपमा विकासमा सहयोग पुर्याउन सकिन्छ।

## १२. सिफारिसहरू (Recommendations)

### क) जोरायल गाउँपालिकाका लागि

I. अल्लो प्रवर्द्धन तथा उद्योग विकासलाई स्थानीय आर्थिक विकास योजनामा समावेश गरी आवश्यक बजेट विनियोजन गर्ने।
II. वडा स्तरमा अल्लो संकलन तथा प्राथमिक प्रशोधन केन्द्र स्थापना गर्नमा सहजीकरण गर्ने।

III. अल्लो उद्योग सञ्चालनका लागि बुडर स्थित औद्योगिक ग्रामलाई प्रयोगमा ल्याई आवश्यक पूर्वाधार व्यवस्थापन गर्नमा सहयोग गर्ने ।
IV. अल्लो संकलनका लागि पालिकामा आउने ठेकेदार र बिचौलियालाइ स्थानिय सरकारले नियन्त्रण गर्नुपर्ने ।
V. अल्लो संकलक तथा उत्पादकका लागि न्यूनतम मूल्य निर्धारण गर्ने ।
VI. सीप विकास, प्रविधि हस्तान्तरण तथा उद्यमशीलता विकास कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।
VII. उद्योग दर्ता, कर तथा व्यवसाय सञ्चालन प्रक्रियामा सहजीकरण गर्ने ।
VIII. उत्पादित वस्तुको ब्रान्डिङ, प्रचारप्रसार तथा बजार विस्तारमा सहकार्य गर्ने ।

**ख) समविकास केन्द्र (इडीसी) नेपाल तथा साझेदार संस्थाहरूका लागि**

I. अल्लो संकलन, प्रशोधन तथा उत्पादन सम्बन्धी प्राविधिक तालिम सञ्चालन गर्ने ।
II. अल्लो संकलन केन्द्र, प्रशोधन र उद्योग स्थापनामा सहयोग गर्ने ।
III. महिला, दलित तथा जनजाति समुदायलाई लक्षित गरी उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने ।
IV. सुरक्षात्मक सामग्री, उपकरण तथा प्रारम्भिक प्रशोधन प्रविधिमा सहयोग गर्ने ।
V. बजार पहुँच विस्तारका लागि निजी क्षेत्र तथा क्रेता संस्थासँग समन्वय गर्ने ।
VI. अध्ययन भ्रमण, अनुभव आदानप्रदान तथा सफल अभ्यासहरूको विस्तार गर्ने ।
VII. सामुदायिक वन समिति तथा महिला समुहहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

**ग) सामुदायिक वन उपभोक्ता समितिहरूका लागि**

I. दिगो अल्लो संकलन तथा संरक्षण सम्बन्धी नियमहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।
II. अल्लो स्रोतको नियमित अनुगमन तथा अभिलेखीकरण गर्ने ।
III. बाँझो तथा उपयुक्त जमिनमा अल्लो खेती प्रवर्द्धनमा सहजीकरण गर्ने ।
IV. संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
V. महिला तथा सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्नमा सहजीकरण गर्ने ।

**घ) समुदाय तथा उत्पादक समूहहरूका लागि**

I. उत्पादक समूह गठन गरी सामूहिक उत्पादन प्रणाली विकास गर्ने ।
II. दिगो संकलन विधि तथा वन संरक्षणका सिद्धान्तहरू पालना गर्ने ।
III. प्राप्त तालिम तथा प्रविधिको प्रभावकारी उपयोग गर्ने ।
IV. गुणस्तरीय उत्पादन तथा बजारमुखी उद्यम विकासमा ध्यान केन्द्रित गर्ने ।
V. महिला नेतृत्व तथा युवा सहभागिता प्रवर्द्धन गर्ने ।
VI. अल्लोलाई दीर्घकालीन आयआर्जनको स्रोतका रूपमा विकास गर्न सामूहिक प्रतिबद्धता कायम गर्ने ।

समाप्त

**प्रतिवेदन तयार गर्नेः**
**महेश त्रिखत्री**
कार्यकारी निर्देशक, समविकास केन्द्र (इडीसी) नेपाल, डोटी

## १३. अनुसूचि (Annex)

**FGD Guideline**

### स्थानिय अधिकार कार्यक्रम ४६, जोरायल अल्लो प्रवर्द्दनका लागि FGD ढाँचा

### १. FGD Guideline (समूह छलफल मार्गदर्शन)

**क) सामान्य विवरण**

- मिति: ___________________
- स्थान: ___________________
- सहभागी संख्या: ______ (महिला ___, पुरुष ___, दलित ___, युवा ___ )
- सहजकर्ता: ___________________
- टिपोटकर्ता: ___________________

**ख) लक्षित समुहसंगको छलफलका विषयहरू:**

- यो क्षेत्रमा अल्लो प्रर्वद्दन गरी आयआर्जनको लागि कतिको संभावना र के के संभावनाहरु छन ?
- यस क्षेत्रमा अल्लो कहाँ पाइन्छ?
- वार्षिक अनुमानित उत्पादन कति सम्म हुन सक्छ?
- यस क्षेत्रमा अल्लो प्रर्वद्दन केन्द्र स्थापना गर्न उपयुक्त स्थान? सडक, पानी, बिजुलीको अवस्था कस्तो छ ?
- अल्लो संकलन प्रक्रिया कस्तो छ? दिगोपनका लागि के के उपायहरू  हुन सक्छन?
- अल्लो प्रर्वद्दन सम्बन्धि सीप कस्तो छ? कसैले तालिम प्राप्त गरेका छन? महिला तथा सीमान्तकृत समुदायको भूमिका के कस्तो हुन सक्छ?
- हाल सम्म अल्लो व्यवसायलाई आय आर्जनको माध्यम बनाउन नसक्नुको कारण कारण के होला ?
- अल्लो प्रर्वद्दनबाट सम्भावित उत्पादनहरू के–के हुन सक्छन? र स्थानीय तथा बाह्य बजारको माग कस्तो रहेको पाउनु हुन्छ?
- अल्लो व्यवसायमा मानिसहरु ईच्छुक नहुनुमा के कारण देख्नुहुन्छ ?
- अल्लो प्रर्वद्दनका लागि के कस्ता बाधा वा चुनौतिहरु देख्नुहुन्छ?
- अल्लो प्रर्वद्दनका लागि के कस्तो सहयोगहरु उपलब्ध भयो भने महिला तथा सीमान्तकृत समुदायको लागि आय आर्जनको माध्यम बनाउन सकिन्छ ?
- अल्लो प्रर्वद्दनका लागि यहाँहरुले स्थानिय सरकारबाट कस्तो खालको सहयोगको अपेक्षा राख्नुहुन्छ ?
- अन्य संघसंस्थाबाट कस्तो खालको सहयोग भयो भने अल्लो प्रर्वद्दनमा यहाँहरु लाग्नु हुन्छ ?

निष्कर्ष तथा मुख्य बुँदाहरू:

## २. KII Questionnaire (मुख्य सरोकारवालासँग अन्तर्वार्ता प्रश्नावली)

क) उत्तरदाताको विवरण

- नाम: ____________________
- पद/भूमिका: ____________________
- संस्था/समूह: ____________________
- सम्पर्क नं.: ____________________

ख) **वडा तथा पालिका जनप्रतिनिधिहरुसंग गरिने छलफल**

१. नीतिगत तथा संस्थागत पक्ष:

- अल्लो व्यवसायमा मानिसहरु ईच्छुक नहुनुमा के कारण देख्नुहुन्छ ?
- अल्लो संकलन/प्रशोधनका लागि कानुनी प्रक्रिया के छ?
- अल्लो प्रर्वद्दनका लागि पालिकामा अनुदान वा सहुलियत सुविद्याका कार्यक्रमहरु संचालन गरिएका छन? छन भने कस्ता खालका कार्यक्रमहरु कहाँ कहाँ उपलब्ध छन् ?

२. स्रोत र सम्भाव्यता:

- वार्षिक उत्पादन अनुमान कति हुन सक्छ? दिगो व्यवस्थापन कसरी सम्भव छ?

३. आर्थिक पक्ष:

- हाल सम्म अल्लो व्यवसायलाई आय आर्जनको माध्यम बनाउन नसक्नुको कारण कारण के देख्नु हुन्छ ?
- यो क्षेत्रमा अल्लो प्रर्वद्दनका गरी आयआर्जनको लागि कतिको संभावना छ ? के के संभावनाहरु छन ?
- प्रारम्भिक लगानी कति लाग्न सक्छ? सम्भावित वित्तीय स्रोत (पालिका, सहकारी, बैंक, NGO) के–के हुन्?
- यस क्षेत्रमा अल्लो प्रर्वद्दनका लागि संघसंस्थाहरुबाट कस्तोखालको सहयोगहरु उपलब्ध भयो भने आय आर्जनको माध्यम बनाउन सकिन्छ ?
- अल्लो प्रर्वद्दनका लागि यहाँहरुले स्थानिय सरकारबाट कस्तो खालको सहयोगको अपेक्षा राख्नुहुन्छ ?
- पालिका र ईडिसीको साझेदारीमा अल्लो प्रर्वद्दन कार्यक्रम गर्न सकिन्छ ?

४. सामाजिक समावेशिता:

- महिला, दलित तथा सीमान्तकृत समुदायको सहभागितालाइ कसरी सुनिश्चित गर्न सकिन्छ?

५. सिफारिस तथा चुनौती:

- अल्लो प्रर्वद्दनका लागि प्रमुख चुनौतीहरू के के छन?
- अल्लो प्रर्वद्दन केन्द्रलाइ सफलता पुर्वक  सञ्चालन गर्न मुख्य ३ वटा सिफारिस के के दिनुहुन्छ ?

अन्तर्वार्ता टिपोट (Interviewer Notes):

**समुहको नेतृत्व तथा तालिम र अवलोकनका लागि छनोट भएका सहभागिहरूको विवरण:**

| क्र.स. | वडा नं | स्थान | छनोट ब्यक्तिको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | १ | जोरायल गा.पा. सानी खैगाड | विमला खत्रि | ९७६४२०२८४५ |
| २ | | जोरायल गा.पा. तुसे पुरान | मन्जु देवि मल्ल | ९७४३५२९७७८ |
| ३ | २ | जोरायल गा.पा. पत्तडा र छहरा | निर्मला देवि वि.क. | ९७६६९६७२८६ |
| ४ | ३ | जोरायल गा.पा. गडाखर्क | शान्ति ओली | ९८६८७१०८६९ |
| ५ | | जोरायल गा.पा. कनेडी | पुष्पा थापा मगर | ९८६५९३९९२५ |
| ६ | | जोरायल गा.पा. अल्याडी | भावना देवि थापा मगर | ९८४८८५४७२२ |
| ७ | ४ | जोरायल गा.पा. सिराड | लिला देवि गुरूङ | ९८४५७०२२३५ |
| ८ | | जोरायल गा.पा. ठुली खैगाड | बसन्ती मडै | ९७६९८४०४७१ |

**दीर्घकालिन लक्ष्य:**



## लक्षित समुह छलफलका केहि फोटोहरू

















जमुना कुमारी बोहरा


स्थापना:-२०६१
जोरायलगा.पा.वडा नं.-१ तिलाचौड ,डोटी
क्षेत्रफल :- ४३०.५३ हेक्टर
घरधुरी संख्या :- ७०
कूल जनसंख्या:-३६५, महिला:-१६४, पुरुष:-२०१
अध्यक्ष
प्रेम बहादुर मल्ल
कोषाध्यक्ष
जगत बहादुर मल्ल
सचिव
गौरी देवि मल्ल
उत्तर
पश्चिम
पूर्व
दक्षिण













